बाहदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३
च.नं. :

नेपाल सम्वत् ११४६

## प्रयोगशाला केमिकल्स तथा उपकरण सामाग्रीहरुको प्रति इकाई दर विधिबाट खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८३/०१/०८**

बाहदशी गाउँपालिका वडा नं २ मा रहेको आधारभूत अस्पतालको लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने तपशिल बमोजिमको प्रयोगशाला केमिकल्स तथा उपकरण सामाग्रीहरुको प्रति इकाई दर विधिबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनी, फर्म तथा आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**क. शर्तहरु**

१. योग्यता पुगेका इच्छुक सिलबन्दी दरभाउपत्रदाताहरुले तपसिलका खरिद कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात डाउनलोड गरी बाहदशी गाउँपालिकाको नाममा माछापुच्छ्रे बैक राजगढ शाखामा रहेको राजस्व खाता नं ०८३००८७०५००००११३ कार्यालय कोड नं ८०१०११२१३ राजस्व शिर्षक नं १४२२९ मा जम्मा गरेको सिलबन्दी दरभाउपत्र दस्तुरको भौचर (पछि फिर्ता नहुने) Scan गरी सिलबन्दी दरभाउपत्रका साथ **मिति २०८३/०१/२३ गते दिनको १:०० बजे** भित्रमा पेश (Upload) गर्नुपर्नेछ।

**तपशिल**

| SN | Contract Id No | Description of project | Bidding procedures | Cost of bidding document | Bid security Amount | Bid Security Validity |
|---|---|---|---|---|---|---|
| 1 | SQ/Bahradashi/Health/3/2082-83 | Procurement, Supply and delivery of Laboratory chemicals and equipment- Unit Rate | SQ | 1000 | 45000 | 75 days from deadline |

२. सिलबन्दी दरभाउपत्र साथ चालु आ.व २०८२/०८३ को लागि व्यवसाय इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र र आ.व २०८१/०८२ को करचुक्ता प्रमाणपत्र साथै **Manufacture Authorization Letter** संलग्न गर्नुपर्नेछ।

३. विद्युतीय सिलबन्दी दरभाउपत्रहरु (e-Bids) **मिति २०८३।०१।२३ गतेको दिन १:१५ बजे** सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिनेछ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४. सिलबन्दी दरभाउपत्रको जमानत बापतको रकम बाहदशी गाउँपालिकाको नाममा माछापुच्छ्रे बैक राजगढ शाखामा रहेको धरौटी खाता नं. **BARADASI GAPA DHARAUTI KHA GA 3 [0830087050000062]** मा जम्मा गरेको भौचरको Scan कपी वा कम्तीमा ७५ दिन म्याद भएको (सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको सिलबन्दी दरभाउपत्र जमानतको Scan कपी संलग्न गर्नुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्र भर्दा सबै आइटममा अंक र अक्षरमा स्पष्ट रुपमा भर्नुपर्नेछ। अंक र अक्षरमा अस्पष्टता भएमा जुन कम छ सो लाई मान्यता दिईनेछ।

६. आपूर्तिकर्ताले **Semi Auto Analyzer chem 5 v3(Erba), ABX Horiba pentra XL80, Curelyte electrolyte analyzer, Tulip/Coral Turbo smart Analyzer र Coralyzer smart junior version 1(Fully bio chemistry analyzer)** मेसिनको लागि केमिकलहरु आपूर्ति गर्नुपर्नेछ। आपूर्तिकर्ताले सबै वा कुनै एक वटा मेसिनको लागि दररेट पेश गर्न सक्नेछन।

७. सिलबन्दी दरभाउपत्रमा उल्लेखित ल्याब रिएजेन्ट तथा केमिकलहरुको परिमाण थप घट हुन सक्नेछ। गाउँपालिकाले आफ्नो आवश्यकता अनुसारको परिमाण पटक पटक वा एकै पटक खरिद गर्न सक्नेछ।

२०८३/०१/०८
प्रमुख प्रशासकिय अधिकृत

८. सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रको **Price Schedule Of Goods** भर्दा सबै आईटममा **manufacturer Name** समेत भर्नुपर्नेछ।

९. सिलबन्दी दरभाउपत्रको मुल्याङ्कन आईटमवाईज **(Unit by Unit basis)** हुनेछ। सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक आईटम मात्र वा पुर्ण रुपमा स्वीकृत गर्न वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

१०. सिलबन्दी दरभाउपत्रदाताले खरिद आदेश पाएको मितिले बढीमा ३ दिन भित्रमा आदेश अनुसारको ल्याब रिएजेन्ट तथा केमिकलहरु गाउँपालिका स्टोरमा दाखिला गर्नुपर्नेछ। यसका लागि गाउँपालिकाले छुट्टै ढुवानी भाँडा भुक्तानी गर्नेछैन।

११. आपुर्ती गरिएका ल्याब रिएजेन्ट तथा केमिकलहरुको **Self Life** कम्तिमा ८०% हुनुपर्नेछ।

१२. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र ब्यवसाय सम्बन्धि कुरामा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात सिलबन्दी दरभाउपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

१३. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ।

१४. सिलबन्दी दरभाउपत्रदाताले उपलब्ध गराउने ल्याब रिएजेन्ट तथा केमिकलहरु स्पेशिफिकेशन अनुरुप हुनुपर्नेछ साथै सिलबन्दी दरभाउपत्र मुल्याङ्कनको क्रममा आवश्यक परेमा गाउँपालिकाले माग गरे बमोजिमको नमुना (sample) पेश गर्नुपर्नेछ। तोकिएको मिति भित्र नमुना पेश नगरेमा उक्त सिलबन्दी दरभाउपत्र मुल्याङ्कनमा समावेश गरिने छैन।

१५. सिलबन्दी दरभाउपत्रदाताले सप्लाई गरिएको ल्याब रिएजेन्ट तथा केमिकलहरु **Expiry** हुन ३ महिना बाँकी हुँदा फिर्ता लिई सोही परिमाण बराबरको ल्याब रिएजेन्ट तथा केमिकलहरु सप्लाई गर्नुपर्नेछ। त्यसरी ल्याब रिएजेन्ट तथा केमिकलहरु फिर्ता लिन नआएमा वा फिर्ता बराबरको सामग्री सप्लाई नगरेमा सो बापतको रकम बिल भुक्तानी दिंदा कट्टा गरि भुक्तानी दिईनेछ।

१६. ल्याब रिएजेन्ट तथा केमिकलहरुको गुणस्तरमा कुनै शंका लागेमा सिलबन्दी दरभाउपत्रदाताले आफ्नै खर्चमा गुणस्तर परिक्षण गराउनु पर्नेछ। आपुर्ती गरिने ल्याब रिएजेन्ट तथा केमिकलहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, म्याद गुज्रने मिति, ब्याच नं आदी उल्लेख भएको हुनुपर्नेछ।

१७. स्वीकृत सिलबन्दी दरभाउपत्रको दररेट २०८३ असोज मसान्त सम्म मात्र लागु हुनेछ।त्यस बिचमा मुल्य वृद्धि भएमा कुनै प्रकारको मुल्य बृद्धि रकम दिईने छैन मुल्य अभिवृद्धि कर लाग्ने आईटमको विवरण सम्बन्धित महलमा अनिवार्य लेख्नु पर्नेछ।

१८. यस सूचनामा छुट हुन गएका अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन (संशोधन सहित), २०६३ तथा सार्वजनिक खरिद नियमावली (संशोधन सहित), २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

१९. थप जानकारीको लागि गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ।

२०८३।०१।०८

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत